आज मिति २०७९ साल चैत्र ४ गते शनिबारका दिन बिहान ८:३० बजे इलाम नगरपालिकाका प्रमुख श्री केदार थापा ज्यूको अध्यक्षतामा रहि निम्नानुसारको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी तपसिल अनुसार निर्णय गरियो।

## उपस्थिति

प्रमुख श्री केदार थापा
उपप्रमुख श्री विष्णुकुमारी लिम्बु
वडाअध्यक्ष श्री पार्थीराम बस्नेत
" श्री गिरिराज रिजाल
" श्री हेमबहादुर सुनुवार
" श्री भुवनदेव दुलाल
" श्री काजीबहादुर श्रेष्ठ
" श्री दुर्गा श्रेष्ठ
" श्री रेखा श्रेष्ठ
" श्री हलमान तामाङ
" श्री गोपाल चौहान
" श्री ओमनाथ प्रधान
" श्री डेसी जबेगु
" श्री लाखमान लिम्बु
का.पा.स. श्री डायना राई
" श्री सर्मीमाया कामी
" श्री धनमाया लिम्बु
" श्री कुमारी लाहगुन
" श्री बिन्दु लिम्बु
" श्री विरेन्द्रबहादुर राई
" श्री केशव मुखिया
" श्री दिपक तिरुवा
सचिव प्र.प्र.अ. श्री प्रकाशकुमार खड्का

बैठक व्यवस्थापन कर्मचारी :-
लेखा अधिकृत श्री नारायण दवाल
शाखा अधिकृत श्री दिपकप्रसाद [illegible]
लेखापाल श्री कमलकुमार कंगाली
सूचना प्रविधि अधिकृत श्री दिपक कुमार श्रेष्ठ

## मिति २०७९/१२/०४ गते सम्पन्न इलाम नगरपालिकाको तेह्रौं कार्यपालिका बैठकको निर्णयहरु

### निर्णय नं १

इलाम नगरपालिकाबाट साविकमा संचालन भइ आएको खानेपानी प्रणालीको वितरण लाइन बन्द गरि सो प्रणालीको खानेपानी इलाम बजार शहरी खानेपानी आयोजनाको वितरण प्रणाली मार्फत वितरण भइरहेको अवस्थामा इलाम बजार शहरी खानेपानी उपभोक्ता समितिको निर्णय सहित अनुरोध भइ आए बमोजिम इलाम नगरपालिकाले इलाम बजार शहरी खानेपानी प्रणालीको मिटर रिडिङ्गको कार्य अघि बढाइ इलाम नगरपालिकाको मिति २०७८/०३/१० को नवौं नगरसभाबाट इलाम बजार शहरी खानेपानी आयोजनाको लागि स्वीकृत भएको खानेपानी महसुलको दररेट र सोही दररेटलाइ यथावत रुपमा २०७९/०३/१० को नगरसभाले समावेश गरेको दररेट समेतलाइ आधार मानि खानेपानी उपभोक्ता समितिबाट सिफारिस गरिएको महसुल दर अनुसार खानेपानी महसुल असुल गर्दै आएकोमा हाल कतिपय खानेपानी उपभोक्ताहरुबाट खानेपानी मिटरको खपत अंक अस्वभाविक रुपमा बढी उठेको लगायतका बिषयमा प्रस्तुत गरिएको गुनासोलाइ सम्बोधन गर्न खानेपानी उपभोक्ताका प्रतिनिधि, निर्माण व्यवसायी, परामर्शदाता र आयोजना कार्यालय समेतका प्रतिनिधिहरुको टोलीबाट मिटरको चेकजाँच, परीक्षण तथा उपयुक्त समाधानका कार्य अघि बढाइएको र आयोजनाको मुहानको निर्माण कार्य पूर्ण रुपमा पुरा भइ नसकेको सन्दर्भमा निम्नानुसारका निर्णय गरियो ।

१. अर्को निर्णय नभए सम्म इलाम नगरपालिकाको साविकको खानेपानी प्रणालीको महसुल दर बमोजिम नै नयाँ खानेपानी प्रणालीको महसुल असुल गर्ने ।

२. अघिल्लो महिना सम्मको खानेपानी महसुल बुझाइ सकेका उपभोक्ताहरुको महसुल रकम साविक दररेट बमोजिम हुने गरि आगामी महिनाका बीलमा समायोजन गर्ने ।

३. खानेपानी आयोजनाको प्राविधिक सहितको टोलीबाट खानेपानी मिटरमा भएको त्रुटी वा अन्य प्राविधिक त्रुटीका कारण बढी खपत अंक उठेको भनि यकिन गरिएका मिटरहरुमा उठेको खपत अंकलाइ प्राविधिक राय बमोजिम सच्याइ महसुल निर्धारण गर्ने ।

४. खानेपानी उपभोक्ताहरुबाट उठाइएका सबै किसिमका गुनासोहरुको संकलन गरी समस्या समाधान गर्ने टोली सम्म तुरुन्त पुर्याइ गुनासो समाधानको व्यवस्था मिलाउन सम्वन्धित प्रत्येक वडाले गुनासो सुनुवाइ टोली गठन गर्ने ।

५. उपभोक्ताहरुबाट उठाइएका गुनासोहरुको तुरुन्त र प्रभावकारी संवोधनका लागि खानेपानी आयोजना, निर्माण व्यवसायी, परामर्शदाता, उपभोक्ता समिति र सम्वन्धित सबै पक्षहरु संग थप समन्वय र सहयोग गर्न नगरपालिकाका सम्वन्धित सबै वडा र शाखाहरुलाइ परिचालन गर्ने ।

### निर्णय नं. २

सुरक्षित आप्रवासन आपतकालिन कोष संचालन निर्देशिका, २०७९ पारित गर्ने ।

### निर्णय न ३

पूर्वाधार विकास समितिबाट प्राप्त प्रतिवेदन सहितको सिफारिस बमोजिम देहायका घरधनीका घरहरुको नियमित भवन निर्माण सम्पन्न प्रमाणपत्र/ संरचना भएको प्रमाण पत्र दिने ।



CamScanner

| सि. नं. | निवेदक | स्थलगत विवरण | निर्णय हुनु पर्ने व्यहोरा |
|---|---|---|---|
| १ | सिता देवी डाँगी विष्ट इ.न.पा.-९ (निर्माण सम्पन्नको लागि पेश भएको) | • सडक अधिकार क्षेत्र र सेटब्याक सहित २१.० मिटर छोड्नुपर्नेमा १६.६० मिटर भएकोले नपुगेको ।<br>• साईड मार्जिन पुगेको ।<br>• ग्राउण्ड कभरेज पुगेको ।<br>• शुरुमा प्रदान गरेको इजाजत अनुसार १५ मिटर बाहिर निर्माण गर्ने इजाजत प्रदान भएको ।<br>• भवन संहिता पालना भएको । | • छतको टिनको बारेको कोठा हटाउने ।<br>• आवश्यक परेको अवस्थामा घरधनी आफैले भत्काउने कबुलियतनामा गराउने ।<br>• मिति २०७५/०३/२८ मा १०५.५३ व.मि. को रु १२८५५ असुली भइसकेकोले बढी देखिएको क्षेत्रफल ३.७३ व.मि. को नियमित शुल्कको ३ गुणा जरिवानासहित रु ३७५ प्रतिवर्ग मिटरको दरले जम्मा रु १३९८.७५ शुल्क लिने अनुसुची १४ अनुसार नियमित भवन निर्माण सम्पन्न प्रमाणपत्र प्रदान गर्न सकिने । |
| २ | डम्बर कुमारी भण्डारी इ.न.पा. - ९ (निर्माण सम्पन्न गरी अभिलेखिकरणको लागि पेश भएको ।) | • सडक अधिकार क्षेत्र र सेटब्याक सहित २१ मिटर हुनुपर्नेमा १८.७५० मिटर भएको ।<br>• साइड मार्जिन नपुगेको ।<br>• ग्राउण्ड कभरेज पुगेको (३४.८३%) भएको ।<br>• मेची राजमार्गको सडक अधिकार क्षेत्र १५ मिटर बाहिर, सेटव्याक ६ मिटर भित्र निर्माण भएको ।<br>• भवन संहिता पालना नभएको । | • विकास निर्माण मापदण्ड बमोजिम मेची राजमार्गको सडक अधिकार क्षेत्र १५ मिटर बाहिर, सेटव्याक ६ मिटर भित्र निर्माण भएको र भवन संहिता पालना नभएको भएतापनि ।<br>• सरजमिन गर्नुपर्ने ।<br>• आवश्यक परेको समय/अवस्थामा घरधनी आफैंले भत्काउने कबुलियतनामा गराउने ।<br>• भवन संहिता पालना नभएको कारण भविष्यमा उत्पन्न हुने मानवीय क्षतीसमेतको घरधनी जिम्मेवार हुने कबुलियत गराउने ।<br>• इलाम नगरपालिकाको १२ औं नगरसभाको निर्णयानुसार ७४.३४ व.मि. को रु २०५ प्रति वर्ग मिटरको दरले रु १५५३९.७० र फिल्ड भेरिफिकेशन रु २००० गरी जम्मा रु १७२३९.७० शुल्क लिई विकास निर्माण (चौथो संसोधन) मापदण्डको अनुसुची १६ अनुसारको कबुलियतनामा गराई अनुसुचि १७ बमोजिम संरचना भएको प्रमाण पत्र प्रदान गर्ने । |

## निर्णय नं. ४

नयाँ निर्माण व्यवसाय इजाजत पत्रको लागि फर्महरुले दिएको निवेदन उपर छानविन गर्दा इलाम नगरपालिकाको "घ" बर्गको निर्माण व्यवसायीको इजाजत पत्र सम्वन्धि कार्यविधि, २०७५ को अनुसुची— ५ वमोजिमको योग्यताका आधारहरु पुरा गरेकोले निम्नानुसार हुन इजाजत पत्र छानबिन उपसमितिबाट सिफारिस भएका निम्नानुसारका निर्माण सेवा तथा कन्स्ट्रक्शनलाई इजाजत पत्र प्रदान गर्ने ।

| सि.नं. | आवेदकको नाम र ठेगाना | प्रस्तावित फर्मको र ठेगाना | निर्माण व्यवसायिको इजाजत प्रदान हुन सिफारिस गरिएको फर्मको नाम , प्रोपाइटरको नाम र ठेगाना |
|---|---|---|---|
| १ | श्री निर्मल राउत, इ.न.पा.- ०८, इलाम | शंकर निर्माण सेवा, इ.न.पा.- ०८, इलाम | शंकर निर्माण सेवा, इ.न.पा.- ०८, इलाम<br>प्रो. श्री निर्मल राउत, इ.न.पा.- ०८, इलाम |
| २ | श्री बिक्रम लाप्चा, कृष्ण बहादुर तामाङ्ग र ओनसिंह लाप्चा समेत, इ.न.पा.- १०, इलाम | लेप्चा कन्स्ट्रक्सन इ.न.पा.- १०, इलाम | लेप्चा कन्स्ट्रक्सन इ.न.पा.- १०, इलाम<br>प्रो. श्री बिक्रम लाप्चा, कृष्ण बहादुर तामाङ्ग र ओनसिंह लाप्चा समेत, इ.न.पा.- १०, इलाम |

## निर्णय नं. ५

यस नगरपालिका स्थित शिक्षक तथा कर्मचारी छनोट नगर समितिबाट प्राथमिक तहमा रिक्त करार शिक्षक पदपूर्ति गर्न विज्ञापन भई प्रत्येक उम्मेदवारबाट रु.५००।— का दरले परीक्षा शुल्क लिएकोमा कारणवश परीक्षा संचालन हुन नसकेकोले उक्त रकम सम्वन्धित उम्मेदवारलाई फिर्ता दिने ।



CamScanner

## निर्णय नं ६

चालु आ.व.को नीति तथा कार्यक्रममा राजस्वका दरमा १०% छुटको व्यवस्था भएकोमा छपाइमा भएको त्रुटीका कारण १०% भन्दा बढी छुट दर कायम हुन गएकोले नीति तथा कार्यक्रम बमोजिम करदाताले अघिल्लो आ.व. को दररेट बमोजिम बुझाउनु पर्ने राजस्वको असुलीमा १०% छुट दिइ राजस्व असुलीको व्यवस्था गर्ने ।

## निर्णय नं. ७

इलाम नगरपालिका वडा नं ५ को देहायका बजेट शिर्षक तथा योजनाहरु रकमान्तर/ शिर्षकान्तर गर्ने ।

| साविक | | | | हुनुपर्ने | | |
|---|---|---|---|---|---|---|
| बजेट पुस्तिकाको क्र.सं. | कार्यक्रमको नाम | रकमान्तर गर्न सकिने बजेट | | क्र.सं. | कार्यक्रमको नाम | बजेट रकम |
| ४४८/ ३११५९ | बिल्याटे बजार सौन्दर्यीकरण | १०,००,०००।- | | १ | ५ नं.वडा कार्यालयको माथिल्लो तला स्तरोन्नति | १०,००,०००।- |
| १८५/ ३११७१ | नव प्रतिभा खेल मैदान मर्मत सम्भार तारजाली साविक बरबोटे-८ | ५०००००।- | | २ | विभिन्न सडक मर्मत सम्भार खर्च | ५०००००।- |

## निर्णय नं. ८

राष्ट्रपति रनिङ्ग सिल्ड खेलकुद प्रतियोगितामा पहिलो हुन सफल इलाम नगरपालिका क्षेत्रका विद्यालयका खेलाडी छात्र छात्राहरुलाइ बधाइ ज्ञापन गर्ने ।

## निर्णय नं. ९

इलाम नगरपालिका, नगर दलित समन्वय समिति सञ्चालन कार्यविधि २०७४ (पहिलो संशोधन) को दफा-३ बमोजिम निम्नानुसार नगर दलित समन्वय समिति चयन गर्ने निर्णय गरियो ।

अध्यक्ष- श्रीबहादुर शिवा, इलाम न.पा. ६
उपाध्यक्ष- श्री ओम प्रकाश वाल्मिकी, इलाम न.पा. ७
महिला उपाध्यक्ष- श्री
सचिव- श्री सुमन दियाली, इलाम न.पा. ७
सह-सचिव- श्री मीरा बराईली, इलाम न.पा.
कोषाध्यक्ष- श्री इन्दिरा तिखत्री, इलाम न.पा. ६
सदस्य- श्री रविन नेपाली, इलाम न.पा. ४
सदस्य- श्री नर्वदा बराइली, इलाम न.पा. १०
सदस्य- श्री पूर्ण बहादुर मगराती, इलाम न.पा. ९
सदस्य- श्री भगवती बालकोटी, इलाम न.पा. ९
सदस्य- श्री गणेश बि.क., इलाम न.पा. ५
सदस्य- श्री प्रमिला रसाइली, इलाम न.पा. १२
सदस्य- श्री नेत्र लुहार, इलाम न.पा. ४
सदस्य- श्री प्रेम शंकर, इलाम न.पा.
सदस्य- श्री



CamScanner

## निर्णय नं. १०

इलाम नगरपालिकाका वडा नं.६ मा अवस्थित श्री जनकल्याण आधारभूत विद्यालय, सिङ्गफ्रिङ्ग इलामको विद्यालय व्यवस्थापन समितिको केहि पदहरुमा हेरफेर गर्नको लागि इलाम नगरपालिका ६ नं.वडा कार्यालयको च.नं.१०५० मिति २०७९/११/१५ को पत्रबाट निम्नानुसार हुने गरी सिफारिस भई आएको हुँदा सोही अनुसारका व्यक्तिहरुलाई विद्यालय व्यवस्थापन समितिमा मनोनयन गर्ने निर्णय गरियो ।

श्री जनकल्याण आधारभूत विद्यालय, इ.न.पा.६, सिङ्गफ्रिङ्ग, इलाम

| क्र.सं. | पद | वि.व्य.स. व्यक्तिहरुको नाम थर | हाल सिफारिस गरिएका वि.व्य.स. का प्रस्तावित व्यक्तिहरुको नाम थर | कैफियत (नियुक्ति प्रकार) |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री पूर्ण प्रसाद गौतम देश बाहिर रहनु भएको | श्री मोहन बिष्ट | शि.नि.२८ (१) उ.नि.१ (क) बमोजिम |
| २ | सदस्य | श्री निरोज राउत, बैठकमा अनुपस्थित रहनु भएको | श्री प्रदिप बुढाथोकी | शि.नि.२८ (१) उ.नि.१ (ख) बमोजिम |
| ३ | सदस्य | श्री मैना राई (बैठकमा अनुपस्थित र अन्यत्र सरी जानु भएको) | श्री भीमा तामाङ्ग, अभिभावक | शि.नि.२८ (१) उ.नि.१ (ग) बमोजिम |
| ४ | सदस्य | श्री मन कुमार बि.क. (वैदेशिक रोजगारमा जानु भएको) | श्री भीम बहादुर लाम्गादे, (अभिभावक) | शि.नि.२८ (१) उ.नि.१ (ग) बमोजिम |

## निर्णय नं. ११

इलाम नगरपालिकाका उप- प्रमुख श्री विष्णु दहाल लिम्बुका सुपुत्र मुकेश दहालको मिति २०७९/११/३० मा असामयिक निधन भएको हुंदा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजन प्रति समवेदना प्रस्ताव पारित गर्ने ।